# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

प.सं. च.नं. Ref: २०७८/०७९/३०

मिति : २०७८।०८।१७

श्री स्थानीय तह (७५३ सबै) ।

निर्वाचन आयोग नेपाल २०२३

विषय : मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत सन्दर्भमा देशभरका ७५३ स्थानीय तहमध्ये निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय रहेका ७७ स्थानीय तह तथा ४० वटा इलाका प्रशासन कार्यालय रहेका ३९ स्थानीय तह गरी जम्मा ११६ स्थानीय तहमा नियमित रूपमा मतदाता नामावली सङ्कलन कार्य भइरहेको छ । उक्त स्थानहरू बाहेक ६३७ वटा स्थानीय तहको केन्द्रमा मिति २०७८।०८।१७ देखि मिति २०७८।०९।१९ सम्म हिमाली एवम् पहाडी जिल्लामा १० दिन र तराई एवम् काठमाडौं उपत्यकाका जिल्लाहरूमा १५ दिनसम्म हुन गइरहेको मतदाता नामावली सङ्कलन विशेष कार्यक्रममा आम मतदाताको सहज पहुँचको व्यवस्थापनका लागि देहायका विषयहरूमा सहयोग, समन्वय र सहजीकरणका लागि अनुरोध गर्दछु ।

<u>मतदाता नामावली सङ्कलन विशेष कार्यक्रममा स्थानीय तहबाट सहयोग हुनुपर्ने विषयहरू</u> :

१. जिल्ला निर्वाचन कार्यालयले माग गरे अनुसार नाम दर्ता स्थल, दर्ता स्थल व्यवस्थापक, सहायक नाम दर्ता अधिकारी र सहयोगी कर्मचारीको व्यवस्था मिलाउने,

२. स्थानीय सहयोग, समन्वय तथा प्रचार प्रसार समितिको बैठक बसी मतदाता नामावली दर्ता कार्यक्रमको प्रचार प्रसार, समन्वय, सहजीकरण लगायतका आवश्यक सहयोग उपलब्ध गराउने,

३. समय समयमा मतदाता नामावली सङ्कलन विशेष कार्यक्रमको सुपरिवेक्षण, अनुगमन र सहजीकरण गर्ने,

४. गाउँपालिका र नगरपालिका भित्रका सम्पूर्ण वडा, गाउँ, वस्ती र समुदाय स्तरमा सूचना संप्रेषण गरी तोकिएको समयमा नाम दर्ता गराउन पहल गर्ने र अग्रसरता लिने साथै यस कार्यमा टोल सुधार समिति, उपभोक्ता समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी, नागरिक समाजका संस्थाहरू आदिलाई आवश्यकता अनुसार परिचालन गर्ने,

५. गाउँपालिका वा नगरपालिकाको केन्द्र रहेको सम्बन्धित पालिकाको कार्यालय भवन वा सो भवन नभएमा सो भवनको आसपासको उपयुक्त स्थलमा मतदाता नाम दर्ता स्थल तोकी उक्त स्थानमा आवश्यक फर्निचर, विद्युत, टेलिफोन, खुल्ला स्थान सहित सबै नागरिकहरूको आवागमन हुन सक्ने व्यवस्था मिलाउने,

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव"
" Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

६. स्थानीय प्रशासनसँग समन्वय गरी मतदाता नाम दर्ता स्थलमा आवश्यक सुरक्षा व्यवस्था मिलाउने,

७. गाउँपालिका र नगरपालिकाका स्थानीय रेडियो एवम् एफ एम रेडियोमा सञ्चालित कार्यक्रममा मतदाता नामावली दर्ता विशेष कार्यक्रम सम्बन्धी सूचना, जानकारी र जानकारीमूलक सामग्री प्रशारण गरी प्रचार प्रसारलाई व्यापक बनाउने,

८. मतदाता नामावलीमा नाम छुट भएका नामदर्ता गर्न आउने जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती एवम् सुत्केरी महिलाहरूलाई प्राथमिकता दिई मतदाता दर्ता गर्न सहज पहुँच हुने वातावरण बनाउने,

९. मतदाता दर्ता स्थलमा खानेपानी, शौचालय तथा संभव भएसम्म स्तनपान कक्षको व्यवस्था मिलाउने,

१०. मतदाता नामावली दर्ता स्थलका भौतिक तथा सामाजिक पूर्वाधारलाई लैङ्गिक तथा अपाङ्गता मैत्री बनाई सबैको समान पहुँच सुनिश्चित हुने व्यवस्था मिलाउने,

११. गम्भीर प्रकृतिका अशक्त, दीर्घरोगी, जेष्ठ नागरिकलाई मतदाता नामावली दर्ता स्थलसम्म सहज पहुँचका लागि विशेष व्यवस्था मिलाउने,

१२. मतदाता नामावलीमा नाम दर्ता गर्न आउने गम्भीर प्रकृतिका अशक्त, दीर्घरोगी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, गर्भवती एवम् सुत्केरी महिलाहरूलाई विश्राम कक्षको व्यवस्था मिलाउने,

१३. तेस्रो लिङ्गीहरूका लागि मतदाता नामावलीमा नाम दर्ता गर्न वातावरण सहज बनाई निजहरूको पहिचान सहितको विवरण सङ्कलन तथा दर्ताको व्यवस्था गर्ने,

१४. मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम सम्बन्धी मिति, समय र स्थान सहितको सूचना तथा जानकारी आम नागरिकलाई दिनको लागि आवश्यक व्यवस्था मिलाउने,

१५. मतदाता नामावली सङ्कलन स्थलमा स्वास्थ्य सुरक्षाका मापदण्ड (मास्क तथा सेनिटाइजरको व्यवस्था र प्रयोग, साबुनपानीको व्यवस्था, भौतिक दूरी कायम गर्ने, स्वास्थ्य कर्मीको व्यवस्था गर्ने आदि) को पालना गर्ने व्यवस्था मिलाउने ।

(गोकर्णमणि दुवाडी)
सचिव


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np; Website: www.election.gov.np

प.सं. च.नं. Ref: २०७८/०७९/३९

मिति : २०७८।०८।१७

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं ।

विषय : मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत सन्दर्भमा मिति २०७८।०८।१७ देखि मिति २०७८।०९।१९ सम्म हुन गइरहेको मतदाता नामावली सङ्कलन विशेष कार्यक्रमको प्रभावकारी व्यवस्थापनका सम्बन्धमा स्थानीय तहहरूको सहयोग, समन्वय र सहजीकरणका लागि सबै स्थानीय तहहरूलाई पठाईएको संलग्न पत्र परिपत्र हुनका लागि निर्देशानुसार अनुरोध छ ।

(नम्रता चुडाल)
शाखा अधिकृत


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np